# स्थानीय राजपत्र

भाग-१ खण्ड-५ संख्या-३

**बागलुङ नगरपालिकाद्वारा प्रकाशित**

**“साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरूलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८”**

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)
भाग-१, खण्ड-५, संख्या-३

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ५ संख्या ३ (२३ आषाढ २०७८)

**भाग–१**

## बागलुङ नगरपालिका

**प्रस्तावना :**

कर्मचारी समायोजन अध्यादेश २०७५ अनुसार कर्मचारी समायोजन निजामति सेवा लगायतका विभिन्न सेवाका कर्मचारीहरूलाई एकतह वढुवा तथा ग्रेड थप सुविधाको अवसर सहित समायोजन गरिएको तर साविक स्थानीय निकायबाट नियुक्त भई समायोजित कर्मचारीहरूलाई वढुवा तथा ग्रेड थप सुविधाको अवसर नभएको अवस्थालाई  मध्यनजर गरी साविक स्थानीय निकायमा नियुक्ति भई हाल स्थानीय तह, बागलुङ नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा समायोजित कर्मचारीहरूलाई प्रोत्साहन सुविधा र वृत्ति विकासका अवसरहरू उपलब्ध गराउनका लागी कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ बमोजिमको मापदण्ड बनाई प्रोत्साहन सुविधा उपलब्ध गराउनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बागलुङ नगरपालिकाको नवौ नगर सभाले यो ऐन जारी गरेको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरूलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८”  रहेको छ ।

(२) यो ऐन नगर सभावाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुने छ ।

**२) परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा ,

(क) **"संविधान"** भन्नाले नेपालको संबिधान सम्झनु पर्छ ।

(ख) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ग) **"कर्मचारी"** भन्नाले यस ऐनको प्रयोजनका लागि साविक स्थानीय निकायहरूबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ को उपदफा (३) बमोजिम स्थानीय तह बागलुङ नगरपालिकामा स्वतः समायोजन भएका स्थायी कर्मचारीहरू सम्झनु पर्दछ ।

(घ) **"स्थानीय तह"** भन्नाले बागलुङ नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) **"न्यूनतम शैक्षिक योग्यता"** भन्नाले प्रचलित कानून बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बागलुङ नगरपालिका नगर कार्यपालिको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ

(छ) **"स्वतः समायोजन"** भन्नाले साविकको वागलुङ नगरपालिका तथा साविकको अन्य स्थानीय निकायवाट वागलुङ नगरपालिकामा समायोजन भएका स्थाई कर्मचारीहरूलाई संझनु पर्ने छ ।

(ज) **"प्रोत्साहन सुविधा"** भन्नाले साविक स्थानीय निकायहरूबाट स्थानीय सरकार सञ्चालन ऐन, ०७४ को दफा ८५ बमोजिम स्थानीय तह बागलुङ नगरपालिकामा स्वतः समायोजन भएका स्थायी कर्मचारीहरूलाई यसै ऐनको दफा ४ बमोजिम उपलब्ध हुने तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप समेतलाई सम्झनु पर्दछ ।

३) **संगठन तथा कर्मचारी दरबन्दी** : (१) स्थानीय तहमा सेवा प्रवाहका लागि आबश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी बागलुङ नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेबमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन वमोजिमको प्रोत्साहन सम्बन्धी व्यवस्था बमोजिम स्तरवृद्धि वा तहबृद्धि भएकाहरूको हकमा स्वतः दरबन्दी सृजना हुनेछ ।

४) **प्रोत्साहन सुविधा उपलब्ध गराउनेः** (१) यस दफाको उपदफा (४) मा तोकिएको मापदण्ड पुरा गरेका कर्मचारीलाई एक पटकका लागि तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थपमध्ये कुनै एक प्रोत्साहन सुविधा उपलब्ध गराइने छ ।

(२) उपदफा (१)बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउंदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कन समेतलाई आधार बनाईनेछ ।

(३) उपदफा (१) बमोजिम स्तरवृद्धि वा तहबृद्धि वा ग्रेडथप गर्दा पछिल्लो ३ वर्षको कार्यसम्पादन मुल्याङ्कनमा औषत न्यूनतम ९० प्रतिशत अकं प्राप्त गरेको हुनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको तहबृद्धि वा स्तरवृद्धि वा ग्रेड थप गर्दा देहायको मापदण्डका आधारमा गर्नु पर्नेछ ।

| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | अन्य प्रोत्साहन |
|---|---|---|---|
| का.स., सवारी चालक (हलुका र हेभी) माली, स्वीपर फाइर्कर्मी, फायरमेन | ५ वर्ष सेवा अवधि नपुगेको । | सोहि स्तरमा | २ ग्रेड थप |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि पुगेको १० वष नपुगेको भएमा | सोहि स्तरमा | २ ग्रेड थप |
| | १० वर्ष भन्दा बढी सेवा अवधि पुगेको | सोहि स्तरमा | २ ग्रेड थप |

| | | | |
|---|---|---|---|
| सहायकस्तर चौथो तह | ५ बर्ष सेवा अवधि नपुगेको | सोहि तहमा | २ ग्रेड थप |
| | चौथो तहमा पांच वर्ष सेवा अवधि पुगेको तर सो पदका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता नभएको | सोहि तहमा | २ ग्रेड थप |
| | चौथो तहमा पांच वर्ष सेवा अवधि पुगेको र सो पदका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता भएको | सहायकस्तर पाचौ तह | - |
| सहायकस्तर पाचौ तह | पांचौ तहमा पांच वर्ष सेवा अवधि पुगेको तर तोकिएको न्यूनतम शैक्षिक योग्यता नभएको | सोहि तहमा | २ ग्रेड थप |
| | पाँचौं तहमा पांच वर्ष सेवा अवधि पुगेको तर सो पदका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता नभएको | सोहि तहमा | २ ग्रेड थप |
| | पांचौ तहमा पांच वर्षसेवा अवधि भएको र सो पदका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता भएको | अधिकृतस्तर छैठौ | - |
| अधिकृत स्तर छैठौ | छैठौ तहमा पांच वर्ष सेवा अवधि नपुगेको | सोहि तहमा | २ ग्रेड थप |
| | छैठौं तहमा पांच वर्ष सेवा अवधि पुगेको तर सो पदका लागि | सोहि तहमा | २ ग्रेड थप |

| | | | |
|---|---|---|---|
| | तोकिएको न्युनतम शैक्षिक योग्यता नभएको | | |
| | छैठौ तहमा पांच वर्ष सेवा अवधि पुगेको र सो पदका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता भएको | अधिकृतस्तर सातौ तह | - |
| अधिकृत स्तर सातौ | सातौ तहमा ५ बर्ष सेवा अवधि नपुगेको | सोहि तहमा | २ ग्रेड थप |
| | सातौं तहमा पांच वर्ष सेवा अवधि पुगेको तर सो पदका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता नभएको | सोहि तहमा | २ ग्रेड थप |
| | सातौ तहमा पांच वर्ष भन्दा बढी सेवा अवधि पुगेको र सो पदका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता भएको | अधिकृतस्तर आठौ तहमा | - |
| अधिकृतस्तर आठौ | आठौं तहमा ५ बर्ष सेवा अवधि नपुगेको | सोहि तहमा | २ ग्रेड थप |
| | आठौं तहमा पांच वर्ष सेवा अवधि पुगेको तर सो पदका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता नभएको | सोहि तहमा | २ ग्रेड थप |
| | आठौ तहमा ५ बर्ष सेवा अवधि पुगेको सेवा अवधि र सो पदका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता भएको | अधिकृतस्तर नवौ तहमा | - |

(५) यो ऐन जारी हुँदाका बखत उपदफा ४ बमोजिमको मापदण्ड पुरा गरेका कर्मचारीले स्तर वा तह वृद्धि सम्बन्धी सुविधा लिन चाहेमा ऐन लागु भएको मितिले ६ महिना भित्र निवेदन पेश गरी सक्नु पर्नेछ ।

(६) यस ऐन बमोजिम उपलब्ध गराईएको थप ग्रेड प्रचलित कानून बमोजिम त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी भए पनि उपलब्ध गराइने छ ।

५) **पदस्थापना गरिने:** कर्मचारी समायेजन ऐन २०७५ को दफा ६ को उप दफा ४ मा भएको व्यवस्था वमोजिम बागलुङ नगरपालिकामा समायोजन भएका कर्मचारीहरूलाई दफा ४ को उपदफा ४ वमोजिमको तह र दफा ७ को उपदफा १ वमोजिमको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापना गरिने छ ।

६) **जेष्ठता गणना:** (१) कर्मचारी समायोजन ऐन २०७५ को दफा ६ को उपदफा ४ मा भएको व्यवस्था वमोजिम सम्वन्धित पदमा स्वतः समायोजन भएको मिति देखि नै जेष्ठताको गणना गरिनेछ ।

७) **कर्मचारीहरूको पदनाम**: (१) साविकको स्थानीय निकायको रूपमा नगरपालिकामा स्थायी रूपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई नगरपालिकामा सरूवा वा पदस्थापना भएका कर्मचारी समायोजन ऐन २०७५ वमोजिम समायोजन भएका कर्मचारीहरूलाई देहायका पदनाम कायम गरिनेछ ।

| क.स. | साविकको तह | समायोजन पश्चात कायम हुने तह | पदनाम | कैफियत |
|---|---|---|---|---|
| १ | सहायकस्तर तृतिय | सहायकस्तर चौथो | सहायक | |
| २ | सहायकस्तर चौथो | सहायकस्तर पांचौ | वरिष्ठ सहायक | |
| ३ | सहायकस्तर पांचौ | सहायकस्तर छैठौ | अधिकृत | |
| ५ | सहायकस्तर छैठौ | सहायकस्तर सातौ | शाखा अधिकृत | |
| ६ | सहायकस्तर सातौ | सहायकस्तर आठौ | वरिष्ठ अधिकृत | |

२) उपदफा १ वमोजिमको तह तथा पदनाम अनुसार सम्वन्धित सेवा वा समुह जनाई पदनाम कायम गरिनेछ ।

८) **प्रोत्साहन सुविधा सम्बन्धी पत्र दिने:** (१) यो ऐन बमोजिमको प्रोत्साहन सुविधा सम्बन्धी पत्र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपलब्ध गराउनेछ ।

९) **विविध** : (१) स्थानीय तहमा समायोजन भएका साविकका स्थानीय निकायका कर्मचारीको सम्बन्धमा संघीय सरकारले छुट्टै कानूनी व्यवस्था गरेमा सोहि वमोजिम हुने छ ।

(२) यो सुविधा संघीय सरकारले जारी गरेको कर्मचारी समायोजन ऐन २०७५ वमोजिम समायोजन भएका कर्मचारीहरूको हकमा अवलम्वन गरिएको आधार तथा मापदण्ड विपरित हुनेगरी प्रदान गरिने छैन ।

१०) **खारेजी र वचाउ** : (१) यो ऐन वमोजिम भए गरेका काम कारवाहीहरू यसै ऐन वमोजिम भए गरेको मानीने छ ।

(२) यो ऐन वमोजिम सुविधा पाउने कर्मचारीहरूले एकपटक यो सुविधा प्राप्त गरेपछि यो ऐन स्वतः खारेज हुनेछ ।

(३) यो ऐन संघीय तथा प्रदेश कानून र अन्य प्रचलित नेपाल कानूनसंग वाझीएमा वाझीएको हदसम्म स्वतः खारेज हुनेछ ।

**आज्ञाले**

(जीवन ज्ञवाली)

प्रमुख प्रशासकीय अधिकृत